सम्पर्क नं. ९८५४०२००६३
ईमेल addprov2dhanusha@gmail.com
वेबसाईट add.p2.gov.np

प्रदेश सरकार
प्रदेश नं. २.

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

पत्र संख्या २०७७/०७८
चलानी नम्बर : ३१०

मिति २०७७/१०/०७

विषयः सूचना टाँस गरी दिने सम्वन्धमा ।

माननीय कृषि मन्त्री श्री शैलेन्द्र प्रसाद साह ज्यूको सचिवालय ।
माननीय कृषि राज्य मन्त्री श्री योगेन्द्र राय यादव ज्यूको सचिवालय ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २, जनकपुरधाम, धनुषा ।
श्री कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, नक्टाझिज, धनुषा ।
श्री उष्ण प्रदेशिय वागवाणी नर्सरी विकास केन्द्र, जनकपुरधाम, धनुषा ।
श्री माटो तथा मल परिक्षण प्रयोगशाला, राजविराज, सप्तरी ।
श्री वाली संरक्षण प्रयोगशाला, सिराहा ।
श्री विउ विजन प्रयोगशाला, जलेश्वर, महोत्तरी ।
श्री कृषि ज्ञान केन्द्र, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा
श्री स्थानीय तह, (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा)

प्रस्तुत बिषयमा यस निर्देशनालयवाट प्रकाशित भएको देहायका साझेदारीमा कार्यक्रम संचालन सम्वन्धी कार्यक्रमको सूचना, संशोधीत सूचना, विस्तृत सूचना यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । उक्त सूचना ताँहा कार्यालयको सूचना पाटीमा टास गरी सो को जानकारी पठाई सहयोग गरि दिनु हुन अनुरोध छ ।

तपसिल

१. निजी, सार्वजनिक, सहकारीको साझेदारीमा कृषि उपज भण्डारण केन्द्र, पुर्वाधार निर्माण ।
२. निजी, सार्वजनिक तथा सहकारीको साझेदारीमा कृषि उपज संकलन केन्द्र, पुर्वाधार निर्माण ।
३. स्थानीय तह तथा सहकारीको सहकार्यमा कृषि यान्त्रीकरण प्रवर्द्धनको लागी Custom Hiring Center को स्थापना ।

E22
दर्ता नं.
मिति 066/10/12

Bikash 2077/10/06
(विकास कुमार साह)
कृषि अर्थ विज्ञ/आठौं तह

विकाश कुमार साह
कृषि अर्थ विज्ञ

प्रदेश सरकार

प्रदेश नं २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

## स्थानिय तह सहकारीको सहकार्यमा कृषि यान्त्रिकिकरण प्रवर्द्धनको लागी **custom hiring center** को स्थापना सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/१०/०६

कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६ मा व्यवस्था भए बमोजिम आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ का स्थानिय तह वा उपभोक्ता समिति वा कृषि उत्पादन गराई खरीद गर्ने कार्यमा संलग्न (चिनि मिल जस्ता) उद्योगको एकल वा संयुक्त लागत साझेदारीमा तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको ३० औ दिन (२०७७ फाल्गुण ०५ गते सम्म) कार्यालय समय भित्र यस निर्देशनालयमा आइपुग्ने गरि खामवन्दी प्रस्ताव पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताब छनौटका लागि समाबेश हुने छैन। कार्यक्रमको संख्या माग र वजेट उपलव्धता अनुसार थप हुन सक्नेछ। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासंग सम्वन्धित सम्पूर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ। यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढाचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ।

पेश गर्नु पर्ने विवरण र कागजातहरु

१. अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।

२. कृषि उद्योगको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र । सहकारी सस्थाको हकमा संचालक समितीको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण तथा कर चुक्ता (पछिल्लो २ आ. व. सम्मको), आ. व. २०७६/७७ को कर चुक्ता नभएको हकमा आ. व. २०७५/७६ को कर चुक्ता र कर वुझाउने म्याद थप भएको स्व. प्रमाणित प्रतिलिपीहरु ।

३. कस्टम हायरिग सेन्टर छनौटका लागी कृषकहरुलाई पायक पर्ने ठाँउ, चारैतिर तारवार वा पक्की पर्खाल लगाएको, कार्यालय कोठा भएको, उपकरण भण्डारण भएको, सडकको पहुँच र विधूतको उपलव्धता भएको हुनुपर्नेछ वा गर्नु पर्नेछ ।

४. कस्टम हायरिग सेन्टरको लागी जग्गा (कम्तिमा ५कठ्ठा) आफ्नै वा सो नभए १५ वर्ष भाडामा लिन सक्ने आधिकारिक भाडाका कागजपत्रहरु, जग्गाधनीको कित्ता नं खुलेको विवरण।

५. कस्टम हायरिग सेन्टरको प्रस्ताव (उदेश्य औचित्य, जग्गाको क्षेत्रफल (कम्तिमा ५कठठा), जग्गाको स्वामित्वऽको किसिम (आफ्नै/भाडामा), सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको GPS code सहितको सामान्य नक्सा तथा मांग गरेको कृषि औजार, यन्त्र, उपकरणहरुको प्राविधिक स्पेशिफिकेशन सहित कुल लागत अनुमानको सारांश विवरण)।

६. कस्टम हायरिग सेन्टरको लागी चाहिने उपकरणको लागत अनुमान आधिकारीक ईन्जिनियरवाट तयार गरीएको हुनु पर्नेछ। लागत अनुमानमा साझेदारी अंश (न्युनतम ५० प्रतिशत हुनुपर्ने) र श्रौत खुलाउनु पर्ने।

७. स्थानिय तह वा कृषि जन्य उद्योगको हकमा अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयको प्रतिलिपि।

८. कस्टम हायरिग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्विकृति दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस।

९. प्रस्तावित स्थलमा कस्टम हायरिग सेन्टरको निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सम्वन्धित कृषि ज्ञान केन्द्रको सिफारिश पत्र।

१०. निर्देशनालयले आवश्यक देखेमा सम्वन्धित कृषि ज्ञान केन्द्र र स्थानिय तहवाट प्रस्तावित स्थलमा कृषि कस्टम हायरिग सेन्टरको गर्नुको आवश्यकता र औचित्य खुलेको छुट्टा सिफारिश पत्र र अन्य पुष्टयाई माग गर्न सक्नेछ।

११. दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन गरी रित पुर्वकका प्रस्तावहरुको स्थलगत अध्ययन निरीक्षण र मुल्यांकन गरी छनौट गरिनेछ। प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस निर्देशनालयले सूचना जारी गर्नेछ ।

थप जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थ विज्ञ श्री विकाश कुमार साह (मो.न. ९८४५२२५४३९) वा प्राविधिक सहायक श्री पवन तिवारी (मो.न.९८४४३२१८३३) लाई सम्पर्क गर्नु हुन अनुरोध छ। यस निर्देशनालयको Android app DoadP2 वाट पनि यो सुचना प्राप्त गर्न सकिनेछ।

डा. रत्न कुमार झा

निमित्त प्रमुख

प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

## नक्टाझिज, धनुषा

**सार्बजानिक, निजि तथा सहकारीको साझेदारीमा कृषि उपज संकलन केन्द्र पूर्वाधार निर्माण सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७७/ १० /०६

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सार्बजानिक, निजि तथा सहकारीको साझेदारीमा कृषि उपजको सहज बजारीकरणको लागि कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ बमोजिम साझेदारीमा कृषि उपज संकलन केन्द्र पूर्वाधार निर्माण गर्न प्रदेश नं २ का सहकारी संस्था वा स्थानिय तहको एकल वा सयुक्त लागत साझेदारीमा यो सूचना प्रकाशित भएको ३० औं दिन (२०७७ फाल्गुण ०५ गते) सम्ममा कार्यालयको समय भित्र आई पुग्ने गरी देहाय बमोजिमको कागजात र विवरण सहित यस निर्देशनालयमा खामबन्दी प्रस्ताब पेश गनको लागी यो सूचना आब्हान गरिएको छ। कार्यक्रमको संख्या माग र वजेट उपलव्धता अनुसार थप हुन सक्नेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकियामा समावेश गरिने छैन।यस सम्वन्धी विस्तृत जानकारी र प्रस्ताव पत्र यस निर्देशनालयवाट वा यसको वेवसाइट add.p2.gov.np वाट प्राप्त गर्न सकिन्छ ।

पेश गर्नुपर्ने कागजातहरु

१ रु.१०। को हुलाक टिकट टाँस गरेको प्रस्ताब पत्र ।

२ सहकारी संस्थाको हकमा दर्ता तथा नविकरण गरेको प्रमाण पत्र र स्थायी लेखा नं. (पान) दर्ताको प्रतिलिपी, संचालक समितीको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण प्रतिबेदन तथा कर चुक्ता (पछिल्लो २ आ.व. सम्मको) आ.व. २०७६/०७७ को कर चुक्ता नभएको हकमा आ.व. २०७५/०७६ को कर चुक्ता र कर बुझाउने म्याद थप भएको स्व-प्रमाणित प्रतिलिपीहरू, बैठक निर्णयको प्रतिलिपी, सहकारीको बिधान, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, हाल साल खिचेको प्रष्ट फोटो, सम्पर्क नं. र तिन पुस्ते विवरण।

३ प्रस्तावित संकलन केन्द्रको सक्कल डिजाईन, आधिकारिक इन्जिनियरवाट तयार गरेको लागत अनुमान, साझेदारी बिवरण (कम्तीमा १५ प्रतिशत) र लगानी गर्न सक्ने श्रोत खुल्ने कागजातहरु।

४ निर्माण स्थलको लालपूर्जाको प्रतिलिपि, जग्गाको नक्शा, चारकिला सिफारिश पत्र, सधियारहरुको स्बीकृतनामा, जग्गाको फिल्डवुक उतार तथा सार्वजनिक जग्गाको हकमा स्थानिय निकायवाट सिफारिश पत्र ।

५ स्थानिय तहको हकमा अनुदान माग गरेको निर्णयको प्रतिलिपी। सहकारीको हकमा प्रस्ताव पेश गर्ने व्यक्तिको आधिकारिक निर्णयको प्रतिलिपी, आधिकारिक बैठक निर्णयको प्रतिलिपी, सहकारीको बिधान, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, हाल साल खिचेको प्रष्ट फोटो, सम्पर्क नं. र तिन पुस्ते विवरण ।

६ निर्देशनालयले आवश्यक देखेमा सम्वन्धित कृषि ज्ञान केन्द्र र स्थानिय तहवाट प्रस्तावित स्थलमा कृषि उपज सकलन केन्द्र निर्माण गर्नुको आवश्यकता र औचित्य खुलेको छुट्टा छुट्टै सिफारिश पत्र माग गर्न सक्नेछ।

७ संकलन केन्द्र निमार्णका लागी प्रस्ताव गर्दा वजार स्थलमा वजार संचालनमा रहेको, वाटो, विधूतको सुविधा भएको र पहिले कुनै वजार सेड जस्ता सरचना नवनेको ठाउँलाइ प्राथमिकता दिइनेछ।आ.व. २०७५/७६ र २०७६/७७ मा यस निर्देशनालयवाट अनुदान पाएका सहकारी संस्था, स्थानिय तहलाइ अनुदान दिन वाध्य हुने छैन।

८ दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन गरी रित पुर्वकका प्रस्तावहरुको स्थलगत अध्ययन निरीक्षण र मुल्यांकन गरी छनौट गरिनेछ। प्रस्तावहरु खोलिने मिति, स्थान र समय वारे यस निर्देशनालयले सूचना जारी गर्नेछ ।

९ कुनै प्रस्तावहरु स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस निर्देशनालयमा रहनेछ ।

थप जानकारीको लागी यस निर्देशनालयका कृषि अर्थ विज्ञ श्री विकाश कुमार साह (मो.न. ९८४५२२५४३९) वा अधिकृतस्तर छैठौ श्री गौरीशकर ठाकुर (मो.न. ९८१९७०७१११) लाई सर्म्पक गर्नु हुन अनुरोध छ। यस निर्देशनालयको Android app DoadP2 वाट पनि यो सुचना उपलब्ध छ।

.............................

डा. रत्न कुमार झा

नि.प्रमुख

प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

## नक्टाझिज, धनुषा

## सार्बजानिक, निजि तथा सहकारीको साझेदारीमा कृषि उपज भण्डारण केन्द्र पूर्वाधार निर्माण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/ १० /०६

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सार्बजानिक, निजि तथा सहकारीको साझेदारीमा कृषि उपजको सहज बजारीकरणको लागि कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ बमोजिम साझेदारीमा कृषि उपज भण्डारण केन्द्र पूर्वाधार निर्माण गर्न प्रदेश नं २ का कृषकवाट उत्पादित कृषि उपजको खरिद तथा भण्डारण गर्ने गरेको सहकारी संस्था/कम्पनीले यो सूचना प्रकाशित भएको ३० औं दिन (२०७७ फाल्गुण ०५ गते) सम्ममा कार्यालयको समय भित्र आई पुग्ने गरी देहाय बमोजिमको कागजात र विवरण सहित यस निर्देशनालयमा खामबन्दी प्रस्ताब पेश गर्नको लागी यो सूचना आब्हान गरिएको छ। कार्यक्रमको संख्या माग र वजेट उपलब्धता अनुसार थप हुन सक्नेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबहरु छनौट प्रकियामा समावेश गरिने छैन। यस सम्वन्धी विस्तृत जानकारी र प्रस्ताव पत्र यस निर्देशनालयवाट वा यसको वेवसाइट add.p2.gov.np वाट प्राप्त गर्न सकिन्छ ।

सलग्न गर्नुपर्ने कागजातहरु

१ रु.१०। को हुलाक टिकट टाँस गरेको प्रस्ताब पत्र ।

२ दर्ता भएका सहकारी संस्था/कम्पनीले कृषकवाट उत्पादित कृषि उपजको खरिद तथा भण्डारण गर्ने गरेको अभिलेख पत्र, स्थायी लेखा नं. (पान) को प्रतिलिपी, प्रस्ताव पेश गर्न तोकीएको आधिकारिक व्यक्तिको निणय प्रतिलिपी, तथा सहकारी सस्थाको हकमा संचालक समितीको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण प्रतिवेदन तथा कर चुक्ता (पछिल्लो २ आ.व. सम्मको) आ.व. २०७६/०७७ को कर चुक्ता नभएको हकमा आ.व. २०७५/०७६ को कर चुक्ता र कर बुझाउने म्याद थप भएको स्व-प्रमाणित प्रतिलिपीहरू ।

३ प्रस्तावित भण्डारण केन्द्रको सक्कल डिजाईन, लागत अनुमान, साझेदारी विवरण र श्रोत खुल्ने कागजातहरु ।

४ निर्माण स्थलको लालपूर्जाको प्रतिलिपि, जग्गाको नक्शा, चारकिला सिफारिश पत्र, सधियारहरुको स्वीकृतनामा, जग्गाको फिल्डवुक उतार तथा सार्वजनिक जग्गाको हकमा स्थानिय निकायवाट सिफारिश पत्र ।

५ सहकारीको हकमा बैठक निर्णयको प्रतिलिपी, सहकारीको बिधान, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, हाल साल खिचेको प्रष्ट फोटो, सम्पर्क नं. र तिन पुस्ते विवरण ।

६ सम्वन्धित कृषि ज्ञान केन्द्र र स्थानिय तहवाट प्रस्तावित स्थलमा कृषि उपज भण्डारण केन्द्र निर्माण गर्नुको आवश्यकता र औचित्य खुलेको छुट्टा छुट्टै सिफारिश पत्र ।

७ भण्डारण केन्द्र निमार्णका लागी वाटो, विद्युतको सुविधा भएको र पहिले कुनै भण्डारण जस्ता सरचना नवनेको ठाँउलाइ र आ.व. २०७५/७६ र २०७६/७७ मा यस निर्देशनालयवाट अनुदान नपाएका अनुदानग्राहीलाइ प्राथमिकता दिईने छ ।

८ दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन गरी रित पुर्वकका प्रस्तावहरुको स्थलगत अध्ययन निरीक्षण र मुल्यांकन गरी छनौट गरिनेछ। प्रस्तावहरु खोलिने मिति, स्थान र समय वारे यस निर्देशनालयले सूचना जारी गर्नेछ ।

९. कुनै प्रस्तावहरु सम्पुर्ण स्वीकृत गर्ने, आंशिक स्वीकृत गरिने वा नगर्ने सम्पुर्ण अधिकार यस निर्देशनालयमा रहनेछ ।

थप जानकारीको लागी यस निर्देशनालयका कृषि अर्थ विज्ञ श्री विकाश कुमार साह (मो.न. ९८४५२२५४३९) वा अधिकृतस्तर छैठौ श्री जयनरायण मण्डल (मो.न. ९८६०७४९०३४) लाई सर्म्पक गर्नु हुन अनुरोध छ ।

डा. रत्न कुमार झा

नि.प्रमुख

प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

२०७७/१०/६

पृष्ठ-५

## साझेदारीमा कार्यक्रम संचालन सम्वन्धी सूचना

प्रथम प्रदक प्रकाशित मिति : २०७७/१०/०६

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं. २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" वमोजिम देहायका कार्यक्रमहरु उल्लेखित न्यूनतम लागत साझेदारीमा संचालनको लागी २०७७/११/०५ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामवन्दी प्रस्ताव/आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रमको संख्या माग र वजेट उपलव्धता अनुसार थप हुन सकोछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश हुने छैन। यस सम्वन्धका विस्तृत सुचना/जानकारी र प्रस्ताव/आवेदन पत्र यस निर्देशनालयको वेभसाईट **add.p2.gov.np** तथा यस निर्देशनालयको **Android app DoadP2** वाट प्राप्त गर्न सकिनेछ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | संख्या | लागत साझेदारी प्रतिशत | साझेदार (एकल वा संयुक्त साझेदारी) |
|---|---|---|---|---|
| १ | निजी, सार्वजनिक; सहकारीको साझेदारीमा कृषि उपज भण्डारण केन्द्र पूर्वाधार निर्माण। | ८ | ५० | सहकारी संस्थार खाधान्न खरीद गरी भण्डारण गर्ने कम्पनी र व्यवसायी |
| २ | निजी, सार्वजनिक तथा सहकारीको साझेदारीमा कृषि उपज संकलन केन्द्र पूर्वाधार निर्माण। | १० | १५ | कृषि क्षेत्रमा काम गर्ने सहकारी संस्था र स्थानिय तह |
| ३ | स्थानिय तह तथा सहकारीको सहकार्यमा कृषि यान्त्रिकरण प्रर्वधनको लागी(ऋगकतक ज्व्यष्लन अभलतभच)को स्थापना। | ८ | २५ | स्थानिय तह र कृषि क्षेत्रमा काम गर्ने सहकारी संस्थार कृषि उत्पादन गराई खरीद गर्ने उधोग |

**नोट**:- वढी लागत साझेदारी प्रस्ताव गर्नेलाई प्राथमिकता दिईने छ।

जनकपुर टुडे
२०७७/१०/६
पृष्ठ-५

प्रदेश सरकार
प्रदेश नं. २

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

### नक्टाझिज, धनुषा

## साझेदारीमा कार्यक्रम संचालन सम्बन्धी संशोधित सूचना

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं. २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम मिति २०७७/१०/६ गतेमा प्रकाशित सूचनाको क्र.सं. ३ मा "स्थानिय तह तथा सहकारीको सहकार्यमा कृषि यान्त्रिकरण प्रर्वधनको लागी Custom Hiring center को स्थापना" हुनुपर्नेमा भुलवश अन्यथा हुन गएकोमा संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।